# पुन समाज युके

# Pun Samaaj UK

**Estd: 2007**

**UK Charity Reg No – 116084**

# पुन समाज यु.के.को बिधान

## Constitution of Pun Samaaj UK

## आठौं सँस्करण 8th Edition

**26th April 2026**

# बिषय सूची


| बिषय | पृष्ठ |
|---|---|
| **प्रस्तावनाः**<br>बिषय सूची, प्रस्तावना | 02-03 |
| **परिच्छेद्-१**<br>नाम, परिभाषा, लेटरप्याड, झण्डा, लोगो र कार्यलय | 04-07 |
| **परिच्छेद्-२**<br>उद्देश्य र सदस्यता | 08-13 |
| **परिच्छेद्-३**<br>साधारण सभा, अधिवेशन र कार्यसमिति | 14- 17 |
| **परिच्छेद्-४**<br>काम, कर्तब्य र अधिकार | 18 – 22 |
| **परिच्छेद्-५**<br>आर्थिक व्यवस्था | 23 |
| **परिच्छेद्-६**<br>निर्वाचन, बिधान संशोधन तथा विविध | 24- 30 |
| | |

# पुन समाज यु.के.को बिधान

**प्रस्तावना:**

**नेपाल विभिन्न जात जाति, भेष भूषा, र भाषाले भरिएको एउटा बहुल संस्कार संस्कृतिको देश हो। नेपालमा रहेका विभिन्न जात जातिहरु मध्य हामी पुनहरु पनि एक छुट्टै पृथक पहिचान बोकेको पुन जाति हौ। हाम्रो आफ्नो जातिको मौलिक भाषा, संस्कार संस्कृति, भेषभूषा र परम्पराको जगेर्ना गर्न साथै समाजका सदस्यहरूलाई शुख दुखमा सक्दो सहयोग पुऱ्याउने उद्देश्यले सन् २००७ मा बेलायतमा पुन समाज युकेको स्थापना भएको हो। यो संस्थालाई ११ मार्च २०१५ (11th March 2015) मा समाजले युके च्यारिटी कमिसन (परोपकारी आयोग) मा दर्ता गरी च्यारिटी नं. ११६०८४२ ( UK Charity Commission 1160842 ) बेलायत सरकारबाट प्राप्त गरी बैधानिक्ता पाएको छ।**

# परिच्छेद् -१
# नाम, परिभाषा, लेटरप्याड, झण्डा, लोगो र कार्यालय

## १.१: नाम:

(क) : यस संस्था (समाज) सन् २००७ मा बेलायतमा स्थापना भएको हो।

(ख) : यस संस्था (समाज) को नाम नेपालीमा "पुन समाज यु.के." र अंग्रेजीमा PUN SA-MAAJ UK' रहेको छ।

(ग) : स्थापना कालमा बहुमत सदस्यहरुको निर्णय बाट "पुन समाज यु.के.", अंग्रेजीमा (PUN SAMAAJ UK) नामाकरण भएको र "पुन समाज नेपाल" को भात्री संगठन भएको हुँदा यस संस्थाको नाम परिवर्तन गर्न सकिने छैन।

(घ) : पुन समाज यु. के. स्थापना गर्दा तदर्थ समितिमा रहेको सबै सदस्यहरु संस्थाको संस्थापक सदस्य रहने छन।

## १.२: परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा:

(क) : संस्था (समाज) भन्नाले पुन समाज यु.के. लाई सम्झनु पर्दछ।

(ख) : विधान भन्नाले पुन समाज युकेको संशोधित् बिधान २००७ (नेपालीमा) र युके च्यारिटी कमिसन (UK CHARITY COMMISION) को संशोधित् बिधान २०१५ (अंग्रेजीमा) लाई सम्झनु पर्ने छ। यस संस्थाले बेलायत सरकारको प्रचलित कानुन, नीति निर्देशनको परिधि भित्र रही कार्य सम्पादन गर्नेछ। यदि पुन समाज युकेको बिधानको कुनै पनि दफा उपदफा बेलायत सरकारको नीति नियम संग बाझिन गएमा स्वतः खारेज हुनेछ।

(ग) : कार्य समिति भन्नाले यस बिधानको परिच्छेद-३, दफा-३.४ बमोजिमका गठित कार्यसमिति लाई जनाउने छ।

(घ) : सदस्य भन्नाले पुन समाज युकेको बिधान बमोजिम प्रदान गरिएको परिच्छेद-२, दफा २.२. को (च) १. र (च) २. का सकृय सदस्यहरुलाई जनाउने छ।

(ङ) : शाखा समिति भन्नाले पुन समाज युकेको केन्द्रीय समितिको मातहतमा विभिन्न क्षेत्रमा खोलिएका शाखा समितिहरुलाई जनाउनेछ।

(च) : उप-समिति भन्नाले पुन समाज यु.के. को केन्द्रीय समितिको मातहतमा खोलिएका महिला समिति यु.के. र पुन युवा क्लब यु.के.लाई जनाउने छ।

(छ) : मानार्थ सदस्य भन्नाले पुनहरुको भाषा, सँस्कृतिमा योगदान गरेको गैर पुन तथा अन्य नेपाली वा बिदेशीहरूलाई बार्षिक साधारण सभा वा अधिबेशनले बहुमत द्वाराअनुमोदन गरी प्रदान गरिएको सदस्यहरू लाई सम्झनु पर्छ।

(ज) : पुन समाज यु.के. को यो बिधान बेलायत बासी पुन समाज युकेको सदस्य र सदस्यको परिवारहरुलाई मात्र लागु हुनेछ।

(झ) : पुन समाजको सदस्यता भएका पुनहरु नेपाल र नेपालीको लागि काम गर्ने कुनै पनि संस्थाहरुमा बसेर काम गर्न स्वतन्त्र हुने छन।

(ञ) : पुन भन्नाले विभिन्न इतिहास र दस्ताबेजहरुमा उल्लेखित् पुन भित्र रहेका थर (पद, पत) हरुलाई जनाउने छ।

(ट) : बार्षिक साधारण सभा Annual General Meeting (A.G.M.) भन्नाले बर्षमा एक पटक गरिने सम्पूर्ण सदस्यहरु रहने गरि बोलाईएको सभालाई बुझाउनेछ।

(ठ) : अधिवेशन General Convention (G.C) (महाधिवेशन) भन्नाले तीन बर्षमा कार्यसमिति परिवर्तन हुने सभा लाई बुझाउनेछ।

(ड) भातृ संगठन भन्नाले "पुन समाज नेपाल" को भातृ संगठन भन्ने बुझ्नु पर्ने छ।

## १.३: लेटरप्याड


संस्थाको लेटरप्याड संस्थाको चिट्ठीपत्रहरुको लागि प्रयोग गरिन्छ। देब्रे पट्टि पुन समाजको लोगो रहनेछ। बीचमा संस्थाको नाम, स्थापना मिति र च्यारिटी नं. रहनेछ। दाहिने पट्टि समाजको झण्डा रहनेछ। अन्तिममा (तलको भागमा) समाजको सम्पर्क इमेल, वेबसाइट, ठेगना र टेलिफोन नं. रहने छ।

पुन समाज युके
PUN SAMAAJ UK
ESTD - 2007
UK CHARITY REG NO - 1160842

Website: www.punsamaajuk.co.uk
Samaaj's Email: punsamaajuk@gmail.com
Committee's Email:
Address:23 Mario Way Colchester Essex CO2 7QN
(Mobile no: 07737193584)

## १.४: झण्डा:

पुन समाज यु.के.को झण्डा पुन समाज नेपालको जस्तै लम्बाई ४ फिट ६ इन्च चौडाई ३ फिट २ इन्चको आयतकारमा तल रातो माथि सेतो कपडामा बीचमा समाजको लोगो अन्कित हुनेछ। पुन जातिको कुनै पनि शुभकार्य गर्दा दर-देवता हरुलाई सेतो र रातो धजा चढाईन्छ। माथिको सेतो रंगले शान्तिको प्रतिक तलको रातो रंगले परिवर्तनशीलको प्रतिक बुझाउनेछ।



## १.५: लोगो:

(क): पुन समाज यु.के. लोगो बाहिर पट्टिको ९ वटा कोणले करबाकेली बाबा सम्बन्धि ईतिहासलाई जनाउनेछ। भित्रपट्टि माथिल्लो भागमा नेपालीमा समाजको नाम तल्लोपट्टी अंग्रेजिमा समाजको नाम र भित्र गोलाकारमा कर्पाकेली बाबाको चित्र,स्थापना मिती यु.के. च्यारिटी नं. रहनेछ।

## १.६: नेजा

पुन जातिको कुनै पनि शुभ कार्यहरु गर्दा दर देवता र सिरो वायोहरुलाई सेतो र रातो धजा चढाई मान मान्यता गरी आजा पुजा गर्ने गरिन्छ। घर परिवारमा सुख, शान्ति, समृद्धि, उत्तरोत्तर विकास र सुस्वास्थको कामना सहित आ- आफ्नो घरमा यो नेजा फहराउने प्रचलन रहेको छ।



## १.७: चिनारी: (चिन्ह)

**पुन जातिको चिनारी २ इन्च लम्बाई साढे १ इन्च चौडाई माँथि सेतो र तल रातो कपडामा बिचमा समाजको लोगो अंकित रहने छ। यो चिनारी संकेतलाई छातिको बाँया पट्टि छोरी मान्छेको सारी वा चोलो, छोरा मान्छेको कमिज वा कोटमा र छोरा मान्छेहरुले फेता वा टोपीको अगाडि पट्टि ब्याज स्वरूप लगाउन सकिने छ।**



## १.८: संस्थाको कार्यालय:

**संस्थाको कार्यलय कार्यसमितिले तोकेको ठाँउमा रहनेछ। शाखा समिति,उप-समिति या क्लबहरुको कार्यालय सम्बन्धित समितिले तोकेको ठाँउमा रहनेछन।**

Website: www.punsamaaj.co.uk
Charity Commission No: 1160842
CIO ADD: 23 Mario Way,
Colchester, Essex CO2 7QN.

# परिच्छेद-२
# उद्देश्य र सदस्यता प्रकार

## २.१: पुन समाज यु.के.को उद्देश्य निम्न अनुसार रहनेछ:

(क) : सुख, दुख र विविध कठिनाईहरुमा परेका बेलायत बासी पुन समाजका सकृय सदस्यहरुलाई सक्दो नैतिक, भौतिक र आर्थिक सहयोग गर्ने।

(ख) : पुन हरुको भाषा संस्कार संस्कृति र परम्पराको सम्बर्दन र सँरक्षण तथा पुनहरुको इतिहासको अनुसन्धानको निम्ति कार्य गर्ने,सहयोग गर्ने।

(ग) : साँस्कृतिक कार्यक्रमहरु लगायत अन्य कार्यक्रमहरु गर्ने।

(घ) : देश तथा बिदेशमा रहेका पुनहरुको संस्था संग सम्पर्क गर्दै सम्बन्ध कायम गर्ने।

(ङ) : पुन समुदायको उत्थानको लागि योगदान दिने व्यक्ति वा संस्थाहरुलाई र पुन समुदाय भित्रबाट उच्च शिक्षा हासिल गर्ने युवायुवतीहरुलाई कार्यसमितिको निर्णय अनुसार आवस्यक ठानेमा समाजले सकेको सम्मान र सहयोग गर्ने।

(च) : पुन समाज यु.के.लाई सधैभर सेवामा केन्द्रित गर्दै एउटा परोपकारी संस्था स्थापित गर्ने।

(छ) : दैवि प्रकोपमा परी र दु:खमा परेका राष्ट्रिय तथा अन्तराष्ट्रिय मानवहरुलाई पनि समाजले सकेको सहयोग गर्न सक्ने छ।

(ज) : सेमिनार, गोष्ठि, भेटघाट, छलफल अन्तर-क्रिया तथा प्रशिक्षण सन्चालन गर्ने।

(झ) : बेलायत स्थित अन्य सामाजिक संस्थाहरु बाट आएका निमन्त्रणाहरुमा कार्यसमितिमा छल फल गरी आवश्यक ठानेमा प्रतिनिधित्व गर्ने।

(ञ) : पुन समाज यु.के. विशुद्ध समाजिक संस्था भएको हुनाले कुनै पनि व्यक्तिगत स्वार्थ, राजनिति र धर्म बाट अलग रहनेछ।

(ट) : पुन समाज यु.के.को सदस्यता लिई सकेपछि समाजमा दर्ता भएका सकृय सदस्यहरुको निधन भएमा हरेक सदस्यले अनिवार्य £ १०.०० ( दश पाउन्ड) शुल्क कोरोमानो स्वरूप सहयोग रकम उठाउनु पर्ने छ।

(ठ) : पुन समाज यु.के. ले DATA PROTACTION ( गोपनीयता ) Act 2018, Human Right ( मानवअधिकार ) Act 1998 र Equality ( समान अधिकार ) Act 2010 को पालना गर्नेछ।

(ड) : पुन समाज यु.के.ले नेपालमा पुन समुदायहरुमा भईपरि आउने विभिन्न दु:ख, घटना र सामाजिक परोपकारी कामहरु लगायत भुकम्प, बाढी र पहिरो जस्ता दैवि प्रकोप पिडितहरुलाई आवास्यक्ता हेरी सकेको सहयोग गर्न सक्ने छ। कुनै पनि व्यक्तिगत बिरामी उपचार गर्न आर्थिक सहयोग को लागि गरिएको पत्राचार उपर पुन समाज यु.के.ले जिम्मेवारी लिने ( हुने ) छैन। तर व्यक्तिगत बिरामी उपचारका लागि आर्थिक सहयोग संकलन गर्ने उद्देश्यले गाउँ, टोल वा क्षेत्रका सम्बन्धित व्यक्तिहरूले अभियान सञ्चालन गर्न सक्नेछन्।

## २.२: सदस्यता :

(क) सदस्यताको लागि १८ बर्ष पुगेको हुनुपर्नेछ। १८ बर्ष भित्रका छोराछोरीहरु, ( अपांग तथा अशक्त २४ सै घण्टा हेरचाह गर्नु पर्ने ) हरु पनि बाबा आमाको सदस्यता भित्र पर्ने छन। पुन जातिको युवाहरुले अन्य समुदायहरुका युवतीहरुलाई विवाह गरेर ल्याएका पनि सदस्यता हुने छन। तर पुन जातिको छोरीहरु अन्य जाती संग विवाह गरेर गएमा सम्बन्धित व्यक्ति मात्र सदस्य हुनेछ, तिनिहरुका लोग्ने र छोराछोरीहरु भने मानार्थ सदस्य मात्र हुने छन।
(ख) : 04 January 2020, शनिबारबाट लागू हुने गरि सदस्यता शुल्क रकम फिर्ता नहुने गरी ( £100.00 ) पुरा तिरेको छ महिना पछि मात्र सदस्यता योग्य ( Qualified ) हुनेछ। सदस्यता योग्य भएर मात्र समाजको सुविधाहरु र अधिकार पाइने छ। विभिद् कारणवस निष्कृय भएका समाजको निष्क्रिय साधरण सदस्यहरु यदि फेरि सकृय सदस्य बन्न र आफ्नो पुरानो सदस्यता नंबर कायम राख्न चाहेमा निम्न २ प्रकारका प्रावधानहरु परिपूर्ति गरी सकृय सदस्य बन्न सक्ने छन्। तर यस्ता निष्क्रिय सदस्यहरुलाई केन्द्रीय कार्यसमितिका सदस्यहरुले छलफल गरी मनासिव ठानेमा मात्र सकृय सदस्यको लागि प्रकृया अगाडि बढाउन दिन सकिने छ।

१. समाजको रेकर्ड अनुसार १० वा सो भन्दा बढी पटक कोरो माना उठाउन छुटेको भए एकमुष्ठ एक सय पाउण्ड (£100. 00) वा १० पटक भन्दा कम्ति पटक छुटेको छन् भने कति पटक छुटेकोछ £10.00 (१० पाउण्ड) को दरले गुणा गरी जम्मा हुन आएको एकमुष्ट रकम भुक्तानी गरेको मितिले ६ महिना पुरा भएमा सकृय सदस्य मानिने छन र समाजबाट पाउने सुविधा र अधिकारहरु पाउने छन। एकमुष्ट रकम बुझाउने सदस्यहरुको हकमा यदि अब उप्रान्त लगातार नछुटाई कोरोमाना दिएमा सहयोग स्वरुप जम्मा हुन आएको रकम नघटाई दिइनेछ।

२. यदि कुनै पनि निष्क्रिय सदस्यले कोरो माना दिनु छुटेको एकमुष्ट रकम नबुझाई लगातार तीन पटक कोरो माना बुझाएमा सकृय सदस्य मानिनेछ। तर उक्त व्याक्तिले सुविधा पाउदा समाजको रेकर्ड अनुसार १० वा त्यो भन्दा बढी पटक छुटेको छ भने एक सय पाउण्ड

(£100.00) र १० पटक भन्दा थोरै पटक छुटेको छ भने १० पाउण्डको दरले गुणा गरी जम्मा हुन आएको रकम कटाई बाँकि रकम पाउने छन्।

(ग) : समाजको उद्देश्य परिच्छेद २,दफा २-१, उप-दफा (ट) अनुसार लगातार वा पटक पटक गरी ३ वा सो भन्दा धेरै पटक कोरो माना उठाउन चुकेमा त्यस्ता सदस्यहरुलाई निष्कृय (अयोग्य) सदस्यहरुमा गनिने छ। तद्-अनुसार समाजको सुविधा र अधिकार बाट बन्चित रहने छन र सफाईको लागि २१ अफिस समय दिईने छ।

(घ) : पुन समाज यु.के.को सदस्यता लिएका पुनहरु नेपाल र नेपालिको लागि काम गर्ने कुनै पनि अन्य सामाजिक वा राजनितिक संघ संस्थाहरुमा बसेर काम गर्न स्वतन्त्र हुनेछ। तर आफ्नो संस्था पुन समाज यु केलाई नोक्शान वा आघात पुर्‍याउने काम कुरा गर्न पाउने छैन।

(ङ) : यदि बाबाआमाको दुबैको निधन भएको र यस बिधानको परिच्छेद २, दफा २-२ उप दफा (क) भित्र रहेका १८ बर्ष पुगेका र परिवार भित्रबाट तोकेको कुनै एक सदस्यले चाहेमा आमा बाबा कै सदस्यता नम्बरलाई निरन्तरता दिन सक्ने छन। तर उक्त व्यक्तिले बाबा आमा दुवैको निधन भएको मितिले ३ महिना भित्र केन्द्रीय कार्यसमितिमा बाबा आमा को सदस्यता राख्ने इच्छा जाहेर गरी आबेदन गरेको हुनु पर्ने छ। यदि कसैले ३ महिना भित्र आवेदन पेश नगरेमा उक्त सदस्यता नंवर निस्कृय हुनेछ।

(च) : पुन समाज यु.के.मा मुख्य २ प्रकारका सदस्यहरु मात्र रहने छन।

१: साधारण सदस्य ( General member ) ।

२: मानार्थ सदस्य ( Complimentary member ) ।

## १: साधारण सदस्य: ( General member )

(क) : साधारण सदस्यता लिनको लागि सदस्यता शुल्क £100.00 (एक सय पाउन्ड) तिर्नु पर्नेछ। साधारण सदस्य, सकृय सदस्य रहेमा निजको अवधी पुन समाज यु.के. समाज रहे सम्म रहने छ।

(ख) : बार्षिक सदस्यता नविकरण शुल्क £10.00 (१० पाउण्ड) हुनेछ। समाजको सकृय सदस्य भई रहनको लागि समाजको बार्षिक नविकरण शुल्क पनि हरेक सालको जनवरी महिनाको अन्तिम दिन भित्र बुझाएको हुनु पर्ने छ। निष्क्रिय सदस्य सकृय भएको वा नयाँ सदस्यहरुको हकमा यदि सदस्य भएको मितिले ३१ जनवरी भित्र ६ महिना वा सो भन्दा वढी भएको भएमा बार्षिक नविकरण शुल्क १० पाउण्ड बुझाई सदस्यता नविकरण गरेको हुनु पर्ने छ।

(ग) : समाजको साधारण सदस्य बने पछि क्षीमान क्षीमती दुबैलाई हुनेछ र मताधिकार पनि दुबैलाई हुनेछ।

(घ) : सदस्य भैसके पछि कारण जनाई स्वयम आफैले लिखित रुपमा राजीनामाको निवेदन दिएमा साधारण सदस्यबाट हट्न (निस्कन) सकिनेछ। तर शुल्क फिर्ता हुने छैन र संस्था बाट कुनै पनि सहयोग र अधिकार पाउने छैन। संस्थाबाट कुनै पनि प्रकारको सहयोग लिई सकेको भए संस्थाको सदस्यबाट हट्न (निस्कन) पाउने छैन। परिच्छेद २. २. (ख) को अवस्था बाहेक राजीनामा स्वीकृत भएको सदस्य नंबर खाँली राखिने छ।

(ङ) : यदि कुनै पनि व्यक्ति (सदस्य) ले यस समाजको सदस्यता लिएको ६ महिना पुरा नहुदै (अयोग्य सदस्य हुदा हुदै) निजको निधन भएमा समाजका सदस्यहरुबाट उठाइने £10.00 ( शुल्क १० पाउण्ड ) बाध्यकारी (अनिवार्य) हुने छैन तर उक्त व्यक्तिको आर्थिक अवस्था नाजुक भएमा समाजले स्वेच्छिक सहयोग संकलन अभियान गर्न सक्ने छ।

(च) : यदि समाजको कुनै सदस्य निधन भई उक्त सदस्यको परिवारले समाजबाट तुरन्त समस्या समाधान गर्नको लागि आर्थिक सहयोग माग गरेमा समाजले सदस्यहरुबाट उठेको रकमबाट असुल गर्ने गरी 2000.00 ( दुई हजार पाउण्ड ) सम्म उपलब्ध गराउन सक्नेछ।

(छ) : कुनै पनि सदस्यले चाहे त्यो सदस्यताको राजिनामा होस् वा पदको राजिनामा होस्, सामुहिक रुपमा दिएको राजिनामाको मान्यता हुने छैन।

(ज) : पुन समाज यु.के. को सदस्यता बाट राजिनामा दिने सम्पूर्ण सदस्यहरुले यदि सदस्यता कार्ड पाउनु भएको छ भने अनिवार्य रुपमा कार्ड फिर्ता गर्नु पर्ने छ। यदि कार्ड फिर्ता गर्न नसकेमा समाजलाई लिखित सफाई दिनु पर्नेछ।

(झ) : पुन समाज युकेबाट २०१३ सालमा समूहगत रुपमा छुट्टिएर खडा भएको संस्थाको सदस्यता लिएका कुनै पनि सदस्यहरुलाई पुन समाज युकेको साधरण सदस्य प्रदान गरिने छैन। तर यदि उक्त व्यक्तिले उक्त संस्थाको सदस्यता स्वेच्छाले त्याग गरी पुन समाज युकेको सदस्यता आबेदन फार्म भरी दर्खास्त दिएमा केन्द्रीय कार्यसमितिले आवस्यक छानबिन गरी सही ठानेमा सदस्यता प्रदान गर्न सकिने छ।

## <u>२: मानार्थ सदस्य:</u>

(क) : पुन समाज वा जातिको उत्थानको लागि बिशेष योगदान पुराएका गैर पुन अथवा नेपाली वा विदेशीहरुलाई पुन समाज यु.के.को मानार्थ सदस्यता प्रदान गर्न सक्ने छ।

**(ख) : पुन समाज युकेको मानार्थ सदस्य बन्ने इच्छा जाहेर गरी मानार्थ सदस्य दर्खास्त फाराम भरी निवेदन दिएमा बार्षिक साधरण सभा वा अधिवेशनको बहुमतले सदस्यता प्रदान गर्ने निर्णय गरेमा उत्त ब्यक्तिलाई मानार्थ सदस्य बनाउन सकिने छ।**

**(ग) : मानार्थ सदस्यको लागि शुल्क लाग्ने छैन। साथै उम्मेदवार र मताधिकार पनि हुने छैन। तर अन्य सुख दुखमा समाजको केन्द्रीय कार्यसमितिको निर्णय अनुसार नैतिक, भौतिक र स्वेच्छिक आर्थिक सहयोग गर्न सकिने छ।**

## २.३: सदस्यता प्रदान गर्ने विधिहरू

**(क) : सदस्यताको लागि फारम कार्यसमितिबाट वा संस्थाको वेबसाइटबाट पनि उपलब्ध हुनेछ।**

**(ख) : सदस्यता फारम शुल्क सहित कार्य समितिमा निवेदन आए पछि त्यसको छानबिन गर्ने अधिकार कार्यसमितिलाई हुने छ। सदस्यताको लागि छानविन गर्दा अयोग्य भएको देखिएमा लिखित रुपमा सम्बन्धित व्यक्तिलाई २१ काम गर्ने दिन (अफिस समय) भित्र जानकारी दिइने छ।**

**(ग) : कार्यसमितिले सबै प्रकारको सदस्यहरुको पूर्ण विवरणको अभिलेख राख्ने छ। सम्बन्धित व्यक्तिले माग गरेमा सम्बन्धित ब्यक्तिलाई मात्र अभिलेख देखाउन सक्नेछ।**

**(घ) : यदी कुनै पनि राजीनामा दिएको वा खारेजी भएका पुन समाज युकेको सदस्य फेरि फर्केर यहि समाजमा सदस्य बन्ने ईच्छा लिएर स्वयं आफैले नै सदस्यताको आवेदन (निवेदन) दिएमा नयाँ सदस्यलाई लाग्ने शुल्क र संपूर्ण नियम पुरा गरी कार्यसमितिमा आवेदन दिएको हुनु पर्नेछ। तर छानबिन गर्ने अधिकार कार्यसमितिलाई हुने छ। सदस्यताको आवेदन कार्यसमितिले अयोग्य ठानेमा निजलाई कारण जनाई २१ काम गर्ने दिन (अफिस समय) भित्र लिखित रूपमा जानकारी दिनेछ। उक्त निवेदकलाई कार्यसमितिले सदस्यताको लागि योग्य ठहर गरेमा नयाँ सदस्य नंबर प्रदान गरिनेछ। अव उपरान्त यो समाजको सदस्यताबाट निस्किन पाउने छैन र यदि निस्किएमा भविष्यमा सदस्यता बन्नबाट पूर्ण रुपमा बञ्चित गरिने छ।**

## २. ४: सदस्यताको अयोग्यता अथवा समाप्त:

**(क) : संस्थाको प्रतिकुल आचरण गरेमा कार्यसमितिले स्पष्टीकरण माग्ने छ र मनासिब देखेमा सदस्यता खारेज गर्न सक्नेछ तर सफाईको मौका २१ काम गर्ने दिन (अफिस समय) दिईनेछ।**

**(ख) : सदस्यताको मृत्यु भएमा ।**

**(ग) : राजीनामा स्वीकृती भएमा ।**

**(घ) : संस्थाको बिघट्न भएमा ।**

**(ङ) : हरेक बर्ष बार्षिक सदस्यता नविकरण नगरेमा। तर सफाई को मौका २१ काम गर्ने दिन (अफिस समय) दिईनेछ।**

**(च) : सदस्यले संस्थालाई तिर्न बाँकी रहेको कुनै पनि रकम भुक्तानी तिर्न बाँकी रहेको ६ महिना भित्र पूर्ण रूपमा भुक्तानी नगरेमा। तर सफाई को मौका २१ काम गर्ने दिन (अफिस समय) दिईनेछ।**

**(छ) : पुन समाज यु.के.को साधारण सदस्यता भई ६ महिने परिक्षण काल सके पछि समाजको सकृय सदस्यको निधन भएमा सदस्यले उठाउनु पर्ने £10.00 ( ( शुल्क १० पाउण्ड ) सहयोग नउठाएमा कार्यसमितिले स्पष्टीकरण लिएर सदस्यता खारेज गर्न सक्नेछ। तर सफाई को मौका २१ काम गर्ने दिन ( अफिस समय ) दिइने छ अथवा निष्कृय ( अयोग्य ) सदस्य सरह मानिने छ। जस्तै:- भोट हाल्न र उमेदवारी दिन नपाउने, बार्षिक साधरण सभा वा अधिवेशनमा सहभागी हुन नपाउने, समाजको सामाजिक सञ्जाल वा अन्य सुबिधाहरु नपाउने, निधनको अवस्थामा कोरोमानो अनिवार्य नहुने र केन्द्रीय कार्यसमितिको निर्णय अनुसार अन्य कार्बाही समेत हुन सक्नेछ।**

# परिच्छेद-३
# बार्षिक साधारण सभा, बिशेष सभा, अधिवेशन र कार्यसमिति

## ३.१: बार्षिक साधारण सभा: अथवा बिशेष सभा:

(क) : यस संस्थाको सम्पूर्ण सदस्यहरु भएको बर्षमा एक पटक बार्षिक साधारण सभा हुने छ।

(ख) : यस संस्थाको सम्पूर्ण सकृय सदस्यहरुको २५% सदस्यहरुले कारण देखाई लिखित अनुरोध गरेमा बिशेष सभा बस्न सक्नेछ।

(ग) : बार्षिक साधारण सभाको सुचना मिति तथा स्थान खुलाई कम्तिमा २ महिना अगाडी सम्पूर्ण सदस्यहरुलाई दिनु पर्नेछ।

(घ) : बार्षिक साधारण सभामा उपस्थित सदस्यहरुको संख्यालाई नै गणपूरक संख्या ५१% अथवा बहुमत संख्या मानिने छ।

## ३.२: बार्षिक साधारण सभा अथवा बिशेष साधारण सभाको काम कर्तब्य र अधिकार:

(क) : बार्षिक बजेट र कार्यक्रमहरु स्वीकृत गर्ने।

(ख) : समितिलाई निर्देशन गर्ने। आपतकालिन समस्याको समधान गर्ने।

(ग) : बैठकमा अनुशासन पूर्बक छलफलमा भाग लिनु पर्ने छ। यदि बैठकमा अनुशासन उलङ्घन गरेमा त्यस्ता सदस्यहरुलाई केही समय वा पुरै समयको लागि निष्कासन गर्न सक्ने छ।

## ३.३: अधिवेशन तथा यसका काम कर्तब्य र अधिकार:

(क) : केन्द्रीय कार्यसमिति, महिला समिति, पुन युवा क्लब र शाखा समितिहरुको पदावधी ३ बर्षको हुनेछ। अधिवेशन पनि हरेक ३ बर्षमा हुनेछ र अधिवेशनले नंया कार्य समितिको गठन गर्ने छ।अधिवेशनमा मुल कार्य समिति बिघट्न भए पछि सबै विभागहरु पनि स्वत: बिघट्न भएको मानिने छ।

(ख) : यस संस्थाको सर्वोच्च अधिकार प्राप्त निकाय अधिवेशन हुनेछ।

(ग) : अधिवेशनले पुन समाज यु.के.को केन्द्रीय समिति, महिला समिति यु.के., पुन युवा क्लब यु.के.को निर्वाचन गर्ने छ भने शाखा समितिहरूको निर्वाचन अधिवेशन भन्दा ३ महिना पहिल्यै गर्न सकिने छ।

(घ) : अधिवेशनको सुचना मिति र स्थान खुलाई कम्तिमा ३ महिना अगाडी सम्पुर्ण सदस्यहरु लाई जानकारी गराउनु पर्ने छ।

(ङ) : कुनै कारणबस समयमा अधिवेशन हुन नसक्ने परिस्थिति भएमा कार्यसमितिले पुन: ६ महिना अन्तिम म्याद थप्न सक्ने छ। तर अधिवेशन हुन नसक्नुको कारण सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ।

(च): अधिवेशनमा पुन समाज यु.के.को केन्द्रीय समिति, शाखा समिति, महिला समिति र पुन युवा क्लब यु.के. को महासचिव वा सचिवले संस्थाको प्रगति प्रतिवेदन कोषाध्याक्षहरुले आर्थिक प्रतिवेदन पेश गर्नु पर्नेछ भने अध्यक्षहरुले मन्तब्य सहित कार्यसमितिको बिघट्न गर्नेछन।

## ३.४: केन्द्रीय कार्यसमितिको गठन:

(क): केन्द्रीय कार्यसमिति निम्न अनुसार १२ सदस्यीय हुनेछ।

| | |
|---|---|
| १) अध्यक्ष | - १ जना |
| २) उपाध्यक्ष | - १ जना |
| ३) महासचिव | - १ जना |
| ४) सचिव | - २ जना |
| ५) कोषाध्यक्ष | - १ जना |
| ६) सह -कोषाध्यक्ष | - १ जना |
| ७) कार्यकारी सदस्यहरु | - ६ जना |

८) ६ जना सदस्यहरु अधिवेशनबाट निर्वाचित हुनेछन् तर खाली रहेको पदको पदपूर्ति कार्य समितिले गर्नेछ। कार्यकारी सदस्यहरुको संख्या निवार्चित कार्यसमितिले आवस्यक्ता अनुसार बढीमा ९ जना सम्म थप घट गर्न सक्नेछ। केन्द्रीय कार्यसमिति सदस्यहरुलाई सम्बन्धित कार्य दक्षता र अनुभवको आधारमा विभागीय संयोजक तोकिनेछ।

(ख): केन्द्रीय कार्यसमितिका निम्न पदाधिकारीहरु स्वतः सि.आई.ओ को ट्रष्टि सदस्यहरु हुनेछन्।
१) अध्यक्ष, २) उपाध्यक्ष, ३) महासचिव, ४) सचिव, ५) कोषाध्यक्ष, ६) सह -कोषाध्यक्ष
ट्रष्टि सदस्यहरु आवश्यक्ता अनुसार बढीमा १२ जना सम्म नियुक्त गर्न सकिने छ। ट्रष्टि सदस्यहरु केन्द्रीय कार्यसमिति वा कार्यसमिति बैठकमा अनिवार्य उपस्थित हुनु पर्ने छ।

(ग): केन्द्रीय कार्यसमितिको औपचारिक वा अनौपचारिक बैठकमा महिला समिति अध्यक्ष, पुन युबा कल्बको अध्यक्ष, शाखा अध्यक्षहरु र क्षेत्रीय प्रतिनिधिहरु ले अनिवार्य सहभागिता जनाउनु पर्नेछ र कुनै पनि बिषय उपर छलफल हुँदा अधिकार पनि अरु केन्द्रीय कार्यसमिति सदस्यहरु सरह रहने छ।

(घ) : केन्द्रीय कार्यसमितिले विभिन्न क्षेत्रहरुबाट आवश्यकता अनुसार क्षेत्रीय प्रतिनिधि नियुक्त गर्न सक्ने छ। क्षेत्रीय प्रतिनिधिहरु केन्द्रीय कार्यसमिति बैठकमा सहभागि हुनेछन तर कार्यक्षेत्र र अधिकार भने शाखा समिति अध्यक्ष सरह रहनेछ।

(ङ): कार्यसमितिमा कुनै पनि महत्वपूर्ण बिषय उपर छलफल हुँदा कार्यसमितिमा मत मतान्तर हुन गएमा मतदान गरी विषयलाई टुङ्गो लगाउनु पर्ने छ। मत गणना गर्दा कारणवस् मत बरावरी हुन गएमा समाजको अध्यक्ष ज्युले अतिरिक्त मत राखी उक्त बिषयको निर्णय गर्नु पर्नेछ।

## ३.५: शाखा समिति,महिला समिति र पुन युवा क्लब:

(क) : शाखा समितिहरु १३ जना सदस्यीय निम्न बमोजिम रहनेछन:

१: अध्यक्ष - १ जना
२: उपाध्यक्ष - १ जना
३: सचिव - १ जना
४: सहसचिव - १ जना
५: कोषाध्यक्ष - १ जना
६: सह-कोषाध्यक्ष - १ जना
७: सदस्यहरु - ७ जना
८: सल्लाकारहरु - आवश्यकता अनुसार

## (ख) : महिला समिति १५ सदस्यीय निम्न बमोजिम रहनेछन।:

१: अध्यक्ष - १ जना
२: उपाध्यक्ष - १ जना
३: सचिव - १ जना
४: सहसचिव - १ जना
५: कोषाध्यक्ष - १ जना
६: सह-कोषाध्यक्ष - १ जना
७: सदस्यहरु - ९ जना सम्म
८: सल्लाकारहरु - आवश्यकता अनुसार
९: निर्वाचित कार्यसमितिले क्षेत्रीय प्रतिनिधि पनि नियुक्त गर्न सक्ने छ।
१०: महिला समितिले कार्यसञ्चालन गर्नको लागी महिला समिति कोष खडा गर्न सक्नेछ। महिला सदस्यता शुल्कको निर्धारण महिला समितिले नै गर्नेछ र केन्द्रीय कार्यसमितिसंग नबाझिने गरी सदस्यता नम्बर सहितको सदस्यता कार्ड वितरण गर्न सक्ने छ।

## (ग) : पुन युवा क्लब १९ सदस्यीय निम्न बमोजिम रहनेछन।

१: अध्यक्ष - १ जना
२: उपाध्यक्ष - २ जना (महिला १ जना, पुरुष १ जना)
३: सचिव - १ जना
४: सहसचिव - १ जना
५: कोषाध्यक्ष - १ जना
६: सह-कोषाध्यक्ष - १ जना
७: सदस्यहरु - १२ जना सम्म
८: सल्लाकारहरु - आवश्यकता अनुसार
९: निर्वाचित कार्यसमितिले क्षेत्रीय प्रतिनिधि पनि नियुक्त गर्न सक्ने छ।
१०: युवा सदस्यको उमेर हद सकेसम्म १८ देखि ४० बर्षको हुनु पर्ने छ।

११:  पुन युवा क्लबले कार्य सञ्चलान गर्नको लागि युवा क्लब कोष खडा गर्न सक्ने छ। पुन युवा क्लब सदस्यता शुल्कको निर्धारण पुन युवा क्लबले नै गर्ने छ। केन्द्रीय कार्यसमिति संग नबाझिने गरि सदस्यता नम्बर सहित को सदस्यता कार्ड वितरण गर्न सक्ने छ।

## ३.६: सल्लाहाकार समितिः

(क) : सल्लाहकार समितिः समाजको सक्रिय सदस्यहरु मध्यबाट समाजको लागि कुनै पनि क्षेत्रमा विशेष योगदान गरेका र अनुभवी व्यक्तिहरुलाई आवस्यक्ता अनुसार केन्द्रीय कार्यसमितिले बढीमा ७ जना सम्म सल्लाहकार नियुक्त गर्न सक्ने छ।

## ३.७: कार्यसमितिको बैठकः

(क) : कार्यसमितिको बैठक हरेक ३ महिनामा बस्ने छ। यदि कुनै आकस्मिक बैठक बस्नु परेमा केन्द्रीय कार्य समितिको अध्यक्षले कुनै पनि समय बैठक बोलाउन सक्नेछ।

# परिच्छेद- ४
# काम कर्तब्य र अधिकार

## ४.१: अध्यक्षको काम कर्तब्य र अधिकार:

(क) : कार्यसमितिको बैठक, साधारण सभा र अधिवेशनको अध्यक्षता गर्ने।

(ख) : कार्यसमितिहरुलाई निर्देशन दिने ।

(ग) : सभा र बैठकहरूमा मत बराबरी भएमा निर्णायक मत दिने।

(घ) : आकस्मिक सभा या बैठक बोलाउन निर्देशन दिने।

(ङ) : कार्यसमितिले तोकेको काम गर्ने।

(च) : अन्य संस्थाहरुबाट निमन्त्रणा आएमा केन्द्रीय कार्यसमिति ( पदाधिकारीहरु ) बीच छलफल गराई आवश्यक ठानेमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने। उक्त अन्य संघ संस्थाहरुबाट आएको निमन्त्रणामा उपस्थिति जनाउदा भइपरी आउने खर्च बढीमा ३०० पाउण्ड सम्म समाजको कोषबाट चलाउन सक्ने छ तर के कति रकम के का लागि खर्च भएको हो कार्यसमितिमा प्रष्ट उल्लेख गराई अनुमोदन गर्नु पर्ने छ।

(छ) : कार्यसमितिको नियमित वा आकस्मिक बैठक बस्न नसकेको अवस्थामा समाजको बिषयमा समाजको बिधान भित्र रहेर पदाधिकारीहरुको (अध्यक्ष देखि सहकोषाध्यक्ष सम्म) परामर्शमा आवश्यक निर्णय लिन सक्नेछ। उक्त निर्णयलाई निर्णायार्थ कार्यसमितिको नियमित बैठकमा पेश गरेर अनुमोदन गराउनु पर्नेछ।

## ४.२: उपाध्यक्षको काम कर्तब्य र अधिकार:

(क) : अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने कार्य गर्ने ।

(ख) : कार्यसमितिले तोकेको काम गर्ने।

(ग) : अध्यक्षलाई सहयोग गर्ने।

## ४.३: महासचिवको काम कर्तब्य र अधिकार :

(क) : अध्यक्ष निर्देशन बमोजिम कार्यसमितिको बैठक, साधारणसभा र अधिवेशन बोलाउने ।

(ख) : कार्यसमिति बैठक, साधारणसभा र अधिवेशनमा प्रस्ताबहरु तयार गरि पेश गर्ने ।

(ग) : साधरणसभा र अधिवेशनमा संस्थाको प्रतिवेदन पेश गर्ने ।

(घ) : कार्यसमितिको बैठक, साधारण सभा र अधिवेशनबाट पारित निर्णयहरु कार्यन्वयन गर्ने र गर्न लगाउने।

(ङ) : संस्थाको कागजपत्रहरु,अभिलेखहरु ब्यवस्थित र सुरक्षित संग राख्ने।

(च) : संस्थाको तर्फ बाट पत्रचार गर्ने।

(छ) : साधारण सभा र कार्यसमितिले तोकेको कार्यहरु गर्ने।

(ज) : संस्थाको साधारण सभा,अधिवेशन र कार्यसमितिको बैठकहरुको निर्णय लिखित रुपमा अभिलेख राख्ने।

(झ) : युके च्यरिटी कमिशन (UK CHARITIY COMMISION) को लागि बार्षिक प्रगति प्रतिवेदन तयारी गर्ने।

## ४.४: सचिवको काम कर्तब्य र अधिकार:

(क) : महासचिवको निर्देशनमा काम गर्ने।

(ख) : महासचिवको अनुपस्थितिमा महासचिवको जिम्मेबारीको काम गर्ने।

(ग) : कार्यसमितिले तोकेको काम गर्ने।

## ४.५ : कोषाध्यक्षको काम कर्तब्य र अधिकार:

(क) : संस्थाको हर हिसाब दुरूस्त राख्ने।

(ख) : लेखापरिक्षण गराउने।

(ग) : साधारण सभा अधिवेशनमा संस्थाको आय-व्याय प्रस्तुत गर्ने।

(घ) : कार्यसमिति र साधारण सभाको आर्थिक सम्बन्धि निर्णय कार्यन्वयन गर्न लगाउने।

(ङ) : सबै प्रकारका हर-हिसाबहरु बैठकबाट अनुमोदन गराउने।

(च) : अधिवेशनमा आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने।

(छ) : कार्यसमितिले तोकेको कार्य गर्ने।

(ज) : यु.के. च्यारिटी कमिशन (UK Charity Commission) को लागि बार्षिक आर्थिक प्रतिवेदन तयारी गर्ने।

(झ) : केन्द्रीय कार्यसमिति संग छलफल गरि समाजमा भैपरी आउने आवस्यक उठन पुठनको समय अवधी निर्धारण गर्ने।

## ४.६: सह-कोषाध्यक्षको काम कर्तब्य र अधिकार:

(क) : कोषाध्यक्षलाई सहयोग गर्ने।

(ख) : कोषाध्यक्षको अनुपस्थितिमा वा रिक्त भएमा कोषाध्यक्षले गर्ने सबै कामहरु गर्ने।

(ग) : कार्यसमितिले तोकेको कार्यहरु गर्ने।

## ४.७: कार्यसमिति सदस्यहरुको काम कर्तब्य र अधिकार:

(क) : कार्यसमितिको निर्णय कार्यन्वयन गर्ने र गराउने।

(ख) : कार्यसमितिले तोकेको काम या जिम्मेवारी वहन गर्ने।

(ग) : आ-आफ्नो तोकिएको विभागीय जिम्मेवारी अनुसार भैपरी आउने कार्य वहन गर्ने।

## ४.८ : सल्लाहकार समितिको काम कर्तब्य र अधिकार:

(क) : कार्यसमितिलाई सल्लाह सुझाव दिनको लागि सल्लाहकार समितिको गठन कार्य-समितिले गर्ने छ।

(ख) : सल्लाहकार समितिको अवधि कार्यसमितिले नियुक्त गरेको समयबाट कार्यसमितिको निर्वाचन हुने अधिवेशनको समय सम्म हुनेछ।

(ग) : पुन समाज युकेको बिधान भित्र रहि पुन समाज युके को कार्यसमितिलाई बैधानिक तरिकाले सर-सल्लाह दिने।

## ४.९ : बिभागहरु र जिम्मेवारी:

समाजको उद्देश्य प्राप्तिको लागि कार्यसमितिले विभिन्न विभागहरु सञ्चालन गर्न सक्ने छ। विभागहरु आवश्यकता अनुसार थपघट हुन सक्नेछन। कार्यसमिति भित्रबाट सम्बन्धित अनुभवको आधारमा विभागिय संयोजक तोक्ने छ। विभागहरुको काम कर्तब्य र अधिकार कार्य समितिले तोके बमोजिम हुनेछ। विभागिय संयोजकहरुले आ-आफ्नो विभाग सम्बन्धि सुझाव र कार्यहरु प्रस्तुत गर्नेछन। उल्लेखित सुझाव र कार्यहरु कार्यसमितिको बहुमत ले पारित भएमा

मात्र कार्यन्वयनमा लगिने छ। विभागहरुलाई समय र परिस्थिति अनुसार कार्यसमितिले जिम्मेवारीको निर्देशन पनि गर्नेछ।

(क) : पुर्ख्यौली विभाग
(ख) : साँस्कृतिक विभाग
(ग) : खेलकुद विभाग
(घ) : मिडिया विभाग
(ङ): प्रोपर्टि विभाग
(च) : कर्मकाण्ड विभाग
(छ) :
(ज) :
(झ) :

## ४.१० : महिला समिति र पुन युवा क्लब को काम कर्तब्य र अधिकार:

(क) : कार्यसमिति वा साधारण सभाको निर्णयहरुलाई कार्यन्वयन गर्ने र गराउने।

(ख) : महिला समिति र युवा क्लबहरुले केन्द्रीय समितिको स्वीकृति लिएर समाजको कोषको आर्जन गर्न विविध कार्यक्रमहरु वा कुनै पनि समाजिक कार्यहरु गर्न सक्नेछ। संकलित भएको रकम बाट ५% केन्द्रीय समितिमा बुझाउनु पर्नेछ। कोष सञ्चालनको लागि छुट्टै बैङ्क खाता खोल्न सक्नेछन। उल्लेखित समितिका सचिव र कोषाध्यक्षले केन्द्रीय समितिको साधारण सभा,अधिवेशनमा अनिवार्य रुपमा प्रतिवेदन र हिसाब विवरण बुझाउनु पर्नेछ।

(ग) : महिला समिति र पुन युवा क्लबको निर्वाचन आफ्नै क्लब अथवा समितिका सदस्यहरुबाट नै गर्नेछन।

(घ) : कार्यसमितिले तोकेको कार्यहरु गर्ने।

## ४.११ : शाखा समिति अध्यक्ष वा क्षेत्रीय प्रतिनिधिहरुको काम, कर्तब्य र अधिकार:

शाखा समितिहरु वा क्षेत्रीय प्रतिनिधिको समय अवधी पुरा भएर वा अरु विशेष कारणले रिक्त हुन गएमा शाखा समिति वा क्षेत्रीय प्रतिनिधि निर्वाचन गर्ने वा मनोनित गर्ने अधिकार उत्त शाखा वा क्षेत्रलाई नै हुनेछ। उक्त क्षेत्र वा शाखाले समिति वा प्रतिनिधि निर्वाचन वा मनोनयन गर्न नसकेको विशेष अवस्थामा कार्य सम्पादनको लागि केन्द्रीय कार्यसमितिले कुनै व्यक्तिलाई खटाउन पनि सक्नेछ।

(क) : कार्यसमिति, साधरण सभा वा अधिवेशनले निर्णय गरेका विषयहरुलाई आफ्नो शाखा वा क्षेत्रमा कार्यन्वयन गर्ने।

(ख) : आफ्नो शाखा वा क्षेत्रमा रहेको सदस्यहरुलाई पुन समाज युकेको सदस्यको जिम्मेवारी बारे बुझाउने।

(ग) : आफ्नो शाखा वा क्षेत्रमा कोही आफ्नो जातिको नयाँ व्यक्तिहरु आउछन् भने वहाँहरुलाई पुन समाज युकेको सदस्यता लिन आवहन तथा सहजिकरण गर्ने।

(घ) : आफ्नो शाखा वा क्षेत्रमा पर्न र हुन गएको शुख दु:खमा प्रमुख भुमिका निर्बाह गर्ने र दु:खमा परेका परिवारलाई बुझाउनु पर्ने उठेको कोरो माना बुझाउन सहजिकरण गर्ने।

(ङ) : कार्यसमितिले बोलाएको बैठकमा अनिवार्य उपस्थिति जनाउने।

(च) : आफ्नो शाखा वा क्षेत्रका संपूर्ण सदस्यहरुको टेलिफोन नंवर वा ईमेल एड्रेस बदली भए र वसाई सराई गरी आउने जाने गरेमा केन्द्रलाई अधावधिक (update) गर्ने।

(छ) : केन्द्रले आब्हान गरेको कुनै पनि अनिवार्य वा स्वैच्छिक उठन पुठन गरी नामावली / सदस्यता नंवर र रकम केन्द्रमा दिएको समय भित्र पठाउने।

(ज) : केन्द्रले आयोजना वा भाग लिएको कार्यक्रमहरुमा सदस्यहरुलाई अनिवार्य भाग लिन प्रेरित गर्ने।

(झ) : केन्द्रले आयोजना वा भाग लिएको कुनै पनि कार्यक्रमहरुमा सदस्यहरुलाई यातायात र टिकटको अग्रिम ब्यवस्था गर्न ठोस भुमिका खेल्ने।

## ४.१२ : साधारण सदस्यहरुको जिम्मेवारी:

(क) : समाज अथवा समाजका सदस्यहरुलाई आर्थिक, भौतिक र मानसिक क्षति (हानि-नोक्सानी) हुने कुनै कार्यक्रम गर्न पाउने छैन।

(ख) : पुन समाज यु.के.को बिधान अनुसार आफुले तिर्नु पर्ने सदस्यता शुल्क, बार्षिक नविकरण शुल्क र कोरोमाना अनिवार्य रुपमा समयमै बुझाउनु पर्नेछ।

(ग) : पुन समाज यु.के को घोषित विधान अथवा नियमहरुलाई अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

(घ) : यदि समाजको कुनै पनि सदस्यलाई केन्द्रिय कार्यसमितिको कार्यक्रम प्रति असन्तुष्टी (चित्त नबुझेको) वा व्यक्तिगत कुनै जिज्ञासा भएमा लिखित रूपमा क्षेत्र प्रतिनिधि अथवा शाखा समिति मार्फत केन्द्रीय समितिमा उजुरी गर्न सक्ने छन्। यदि शाखा अध्यक्ष वा क्षेत्रीय प्रतिनिधि छैन भने सोझै केन्द्रीय समितिलाई महासचिव मार्फत लिखित रूपमा जानकारी गराउन सक्ने छ। तर गुठ उपगुठ खडा गरि सामुहिक रुपमा समाजको बिरुद्धमा उजुरी दिन सक्ने छैन।

(ङ) : यदि आफ्नो सम्पर्क ठेगना, टेलिफोन नं., ईमेल एड्रेस हरु परिवर्तन भएमा क्षेत्र प्रतिनिधि,शाखा समिति अथवा सिधै केन्द्रीय समितिलाई तुरुन्त जानकारी गराउनु पर्नेछ। यदि कुनै पनि सदस्यले आफ्नो विवरण अधावधी नगरी केन्द्रीय कार्यसमितिको सूचना प्राप्त नभएमा केन्द्रीय कार्यसमिति त्यसको जवाफदेही हुने छैन।

(च) : यदि कुनै प्रकारको आकस्मिक समस्याहरु आईपरेमा क्षेत्र प्रतिनिधि, शाखा समिति अथवा सिधै केन्द्रीय समितिलाई तुरुन्त जानकारी गराउनु पर्नेछ।

(छ) : पुन समाज युके ले आयोजना गरेको वा भाग लिएको कुनै पनि कार्यक्रम, बार्षिक साधरण सभा र अधिवेशनमा अनिवार्य उपस्थित हुनु पर्नेछ।

(ज) : समाजका संपूर्ण सदस्यहरुले समाजले आयोजना गरेको बिभिध कार्यक्रमहरुमा आर्थिक, भौतिक र नैतिक योग्दान अनिवार्य रूपमा दिनु पर्ने छ। समाजका कुनै पनि प्रतिभावान ब्यक्तिहरुले आफूमा भएको कला वा विद्याहरुलाई समाजको कार्यक्रमहरुमा प्रस्तुत् गरी समाजलाई सकरात्मक सहयोग गर्नु पर्ने छ।

(झ) : समाजको साधरण सदस्य नविकरण £10.00 ( शुल्क १० पाउण्ड ) हुनेछ। सकृय सदस्य हुनको लागि हरेक वर्षको जनवरी महिनामा सो शुल्क तिरि सदस्यता नविकरण गरेको हुनु पर्ने छ।

**(ञ) : समुदायको बिषयमा उठेका चलेका बिबिध बिषयहरुमा यदि केन्द्रीय समितिले मनासिब ठानेमा कार्य समिति बैठकमा छलफल गरी निर्णय गर्नेछ। तर लिखित रुपमा समाजमा नआएका र ब्यक्तिगत रुपमा बोलेका गरेका कुनै पनि बिषयहरुमा समाज उत्तरदायी हुने छैन।**

**(ट) : पुन समाज यु के को महासचिव वा कोषाध्यक्षले समाजमा भैपरी आउने आवस्यक उठन पुठन वा अन्य सूचनाहरु पुन समाज यु के भाईबर ग्रुपमा सम्प्रेसन गरि दिएको समय अवधीको अन्तिम दिन देखि २१ काम गर्ने दिनलाई "पुन समाज यु के को विधानमा जनाएको सफाईको मौका २१ काम गर्ने दिन वा (अफिस समय)" मान्नु पर्ने छ।**

# परिच्छेद-५
# आर्थिक ब्यबस्था

## ५.१: संस्थाको कोष:

(क) : संस्थाको नाममा स्थानीय बैंकमा खाता खोलिनेछ। कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै दुई जनाको संयुक्त हस्ताक्षरबाट खाता सञ्चालन गरिनेछ। तर कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनुपर्नेछ।
(ख) : कार्यसमितिले विविध प्रयोजनको लागि कोषहरु खडा गर्न सक्नेछ।
(ग) : संस्थाको छुट्टै आफ्नै कोष हुनेछ। कोषमा चल-अचल सम्पती रहनेछन।
(घ) : कुनै कारणबस् पुन समाज बेलायतको ( Pun Samaaj U K ) विघठन हुन गएमा समाजको चल अचल संपति स्वतः पुन समाज नेपालको मातहतमा जानेछ। . . .

## ५.२ : कोषका स्रोतहरु:

(क) : सदस्यता शुल्क, बार्षिक साधारण सदस्यता नविकरण शुल्क, चन्दा, अनुदान,प्रकाशन, बिक्रि।
(ख) : विविध कार्यक्रमहरु आयोजना बाट उठेको रकम।
(ग) : सहयोगदाताहरुबाट संकलन हुन आएको रकम।
(घ) : मूल धन राखे बापत बैंकहरुले दिने ब्याज स्वरूप प्राप्त हुन आएको रकम।
(ङ) : निस्कृय सदस्यहरु सकृय सदस्य बने बापत प्राप्त भएको रकम
(च) : साधारण सदस्यताबाट संकलित रकम पुन जातिको संस्कार, संस्कृति, भेष भुषा तथा ऐतिहासिक कार्यहरुमा र समाजको प्रयोजनको लागि चल अचल संपति खरिद बाहेक अन्य प्रयोजनको लागि खर्च गर्न पाउने छैन। त्यसको लागि पनि साधारण सभामा जानकारी गराएर बहुमतले अनुमोदन गरे पछि मात्र खर्च गर्न पाउने छ।
(छ) : समाजको कोष कुनै ब्यक्तिगत प्रयोजनको लागि प्रयोग गर्न पाउने छैन।
(ज) : संस्थाको अधिवेशन हुनु अगाडी लेखापरिक्षण गराउनु पर्नेछ।
(झ) : शाखा समिति, पुन महिला समिति र पुन युवा क्लबले कार्य सञ्चालनको लागि आ-आफ्नै कोष सञ्चालन गर्ने छन। तर बिघटन भएमा उल्लेखित कोषहरु स्वत: पुन समाज यु.के. को केन्द्रीय समितिको कोषमा रहने छ। पुन समाज यु.के. को साधारण सभा वा अधिवेशनमा उक्त कोषहरुको सम्पूर्ण विवरण प्रस्तुत गर्नु पर्ने छ।

## ५.३ : सहयोगको प्रकार:

(क) : यस संस्थाको सदस्यता लिएका ६ महिना अवधि पुरा भैसकेको सकृय सदस्यको निधन भएमा प्रत्येक सदस्यहरुबाट £10.00 (१० पाउन्ड ) अनिवार्य संकलन गरी संस्थाको तर्फबाट सदस्यहरुको नाम सहित प्रदान गरिने छ।
(ख): बेलायतबासी पुनहरुलाई कुनै दैवि-प्रकोप वा आपत्ती परेमा संस्थाले अन्य संघ संस्थाहरु संग समन्वय गरि स्वेच्छिक चन्दा अभियान गर्न सक्ने छ।
(ग) : नेपाल वा अन्य देशहरुमा बसोबास गर्ने पुनहरु द्वारा सञ्चालित परोपकारी संस्थाहरुबाट सहयोगको लागि लिखित रुपमा निवेदन आएमा र कार्यसमितिले उपयुक्त ठानेमा स्वेच्छिक रुपमा चन्दा संकलन गरी सहयोग गर्न सक्नेछ।

# परिच्छेद - ६
# निर्वाचन, विधान संशोधन तथा विविध

## ६.१ : निर्वाचन सम्बन्धी व्यबस्था:

(क) : कार्यकारिणी समितिले अधिवेशन हुनु भन्दा ३ महिना अगाडि ३ देखी ५ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ।

(ख) : पहिलो प्राथमिकता सर्व-सम्मती हुनेछ। यदि सो नभएमा (हुन नसकेमा) निर्वाचन गोप्य मतदानबाट हुनेछ।

(ग) : निर्वाचन कार्य सकिएर नयाँ कार्यसामितिको घोषणा भए पछि निर्वाचन सामितिको पनि स्वत: बिघठन हुनेछ। तर कार्यसमितिको बिघठनको घोषणा भैइसके पछि यदि सो समयमा निर्वाचन सम्पन्न हुन नसकी स्थगित हुन पुगेमा बढिमा ६ महिना अवधी सम्मको लागि संस्थाको कार्यहरुलाई निरन्तरता दिनको लागि तदर्थ सामितिको गठन गर्न सक्नेछ । उक्त तदर्थ सामितिमा बिघठित सामितिको अध्यक्ष महासचिब कोषाध्यक्ष र बढिमा आठ जना सम्म पुन समाज युकेको कुनै पनि पदमा रहेर काम गरेका अनुभवी सकृय सदस्यहरु हुनेछन। तदर्थ समितिले निर्वाचन सम्पन्न नहुँदा सम्म समाजको गर्नुपर्ने सम्पूर्ण नियमित कार्यहरु गर्नेछ। पुन: निर्वाचनको लागि मिति स्थान र समय सोही तदर्थ सामितिले तोक्नेछ। पुरानै निर्वाचन समितिलाई यथावत राख्ने वा नयाँ निर्वाचन समिति गठन गर्ने अधिकार तदर्थ सामितिलाई नै हुनेछ। निर्वाचन सम्पन्न भए पश्चात नंया कार्य समितिको गठन भए पछि तदर्थ समिति पनि स्वत खारेज हुनेछ।

(घ) : गोप्य मतदान गर्दा मत परिणाम बराबर हुन गएमा गोलाप्रथाबाट निर्णय गरिनेछ।

(ङ) : विधान भित्र रहेर, बिधानलाई असर नपर्ने गरी, निर्वाचन सामितिले निर्वाचन प्रकृयाको लागि अस्थायी नियम बनाउन सक्नेछ। सो नियम निर्वाचन पछी स्वत: खारेज हुनेछ।

(च) : निर्वाचनमा उम्मेदवारी दिन र मत हाल्न पुन समाज युकेको सदस्यता लिएको सकृय सदस्य हुनु पर्नेछ र साधारण सदस्यता नविकरण नभएको भए पनि उम्मेदवारि दिन र मतदान गर्न पाउने छैन। साथै परिच्छेद २ को दफा २. ४ को (ङ) र (च) : पनि लागु हुनेछ।

(छ) : उम्मेदवार शुल्क कार्यसमितिले निर्णय गरे बमोजिम रहने छ।

(ज) : अध्यक्ष पदको लागि कार्यसमितिको सल्लाहकार देखि कार्यसमितिको पदाधिकारी सदस्य भित्र रही एक कार्यकाल काम गरी सकेको हुनु पर्नेछ।

(झ) : मत खसाल्न आफै उपस्थित हुन पर्ने छ। अरु कसै मार्फत सिफारिस, मञ्जुरीनामा अथवा कुनै पनि माध्यम (हुलाक, ईमेल, टेलिफोन) मार्फत मत पठाउन पाउने छैन।

(ञ) : पुन समाज युकेबाट २०१३ सालमा समूहगत रुपमा छुट्टिएर खडा भएको संस्थाको सदस्यता लिएका कुनै पनि सदस्यहरुले पुन समाज युकेको कुनै पनि कार्यसमति सदस्य पदको लागि उमेदवारी दिन पाउने छैन।

(ट) : महिला समिति र पुन युवा क्लबको निर्वाचन आफ्नै क्लब अथवा समितिका सदस्यहरुबाट नै हुनेछ।

(ठ) : अध्यक्ष पदको लागि एउटै ब्यक्ति तेस्रो कार्यकालको लागि उम्मेदवारी दिन पाउने छैन। तर तेस्रो कार्यकालको लागि कसैको उम्मेदवारी नपरेमा दिन पाउनेछ।

## ६.२ : बिधान संशोधन:

(क) : संस्थाको बिधान संशोधन गर्नु परेमा कार्यसमितिले त्यस सम्बन्धि प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गरी बार्षिक साधरण सभा वा अधिवेशनबाट पारित गराउनु पर्नेछ।

(ख) : बार्षिक साधरण सभा वा अधिवेशनमा उपस्थित सदस्य संख्याको बहुमत सदस्यहरुले समर्थन जनाएमा संशोधन प्रस्ताव पारित भएको मानिने छ।

(ग) : अधिवेशनबाट पारित भएको बिधानलाई संस्करणमा परिणत गरिने छ।

## ६.३ : नियम बनाउने:

(क): केन्द्रीय कार्यसमितिले यो बिधानको अधिनमा रही नियम उपनियमहरु बनाउन सक्नेछ।

## ६.४ : गोप्यता:

(क): कुनै पनि पदाधिकारी वा संस्थाको जिम्मेवारी लिएका सदस्यहरुले समिति वा संस्थाको गोप्यता भंग हुने कुरो प्रकट गर्न पाउने छैन।

## ६.५ : निष्कृयता:

(क): यो बिधानमा उल्लेखित भएका कुराहरु बेलायतको ऐन कानुन संग बाझिएमा बाझिएको हद सम्म त्यस्ता कुराहरु स्वत: निष्कृय हुनेछन।

## ६.६ : व्याख्या गर्ने अधिकार:

(क): यस बिधानको कुनै पनि धारा उपधाराको कुराको व्याख्या गर्ने अन्तिम अधिकार मुल कार्य समितिलाई हुनेछ।

## ६.७ : बुझ बुझारत (हस्तान्तरण)

(क): निर्वाचित कार्यसमितिलाई बिघठित कार्यसितिले संस्थाको सम्पूर्ण कागजात तथा अभिलेखहरु र चल अचल सम्पति सहितको विवरण अधिवेशन सकिएको ३ महिना भित्रमा पदाधिकारीहरुको हस्ताक्षर सहित बुझ बुझारत गर्नु पर्नेछ। बुझ बुझारत हुन नसकि संस्थाले समाजको चल अचल सम्पति हिनमिना गरेमा कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ।

## ६.८ : अनुमोदित प्रस्ताब।

(क) : अधिवेशन वा वार्षिक साधरण सभामा उपस्थित कृयाशील सदस्यहरुको बहुमतले पारित गरिएको प्रस्ताब उपर व्यक्तिगत वा गुठ उपगुठ खडा गरी सामुहिक रूपमा असहमत जनाई लेखिएको कुनै पनि मेसेज, इमेल वा पत्रको पुन समाज युकेको कार्यसमितिले जवाफ दिन बाध्य हुने छैन।

## ६.९ : पदाधिकारी सदस्यहरु कायम नरहने अवस्था:

(क) : मृत्यु भएमा।

(ख) : अध्यक्षले उपाध्यक्ष मार्फत र अन्य पदाधिकारी वा सदस्यहरुले अध्यक्ष मार्फत कारण देखाई कार्यसमितिमा लिखित राजिनामा दिएमा।

(ग) : बिना सुचना लगातार ३ पटक सम्म बैठकमा अनुपस्थित भएमा तर सफाईको मौका २१ काम गर्ने दिइनेछ।

(घ) : संस्थाको बिधान प्रतिकुल काम गरेमा।

## ६.१० : अविस्वासको प्रस्ताव:

(क) : कुनै सल्लाहकार वा पदाधिकारी वा सदस्य उपर अविस्वासको प्रस्ताव साधारण सभामा पेश गर्न सकिनेछ। साधारण सभाको उपस्थित सकृय सदस्यहरुको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित भएमा सल्लाहकार वा पदाधिकारी वा सदस्य पदच्युत हुनेछ। निजलाई सफाईको मौका २१ दिन (अफिस समय) दिइनेछ।

## ६.११ : भेष - भुषा:

(क) : महिला पोशाक : चोली, टेकी, निलो पटुकी, बर्को, छिट्को गुन्यु, मेत्रो

गहना : डोरी, हरियो पोते, जन्तर, नजरी, चेप्टेसुन, मारुली, बुलाकी, फूली, चादिको रैया ( नौ कारे), औँठी. ठोका, बाघमुखे बालो , पैसेपोते, ठेमरा, कण्ठा, मुगापोते, ढुङ्ग्रि



(ख) : पुरुष : पोशाक: तल्लो सेरे (खादी) काँस, गादा, भोटो, आस्कोट, फेटा, पटुका, गादा, टोपी, पेटी, मिन्दु

गहना : दुर्बली, चादिको बालो औँठी (कम्मरमा खुकूरी)



## ६.११ : सपथ ग्रहण:

म (आफ्नो नाम)_______________ हाम्रो कुल देवतालाई साक्षी राखी प्रतिज्ञा गर्दछु कि, पुन समाज यु.के.को बिधान र यस अन्तरगत बनेका नियमहरुको पालना गर्दै, म मेरो कार्यकाल भरि, म निर्वाचित भएको पदको दुरुपयोग, पुन समाजको गोपनियता भंग हुने र समाजलाई असर पुग्ने खालको कुनै पनि कार्य गर्ने, गराउने छैन। म मेरो बुद्दी, बिबेक र क्षमताले भ्याए सम्म संस्थाको उद्देश्य प्राप्तिको लागि निस्वार्थ, पारदर्शी र इमान्दारीताका साथ कृयाशिल रहने छु।

पदाधिकारीको हस्ताक्षर : _______________

पद : ________________ मिति: __________

निर्वाचन समिति अध्यक्षको नाम: __________________

निर्वाचन समिति अध्यक्षको हस्ताक्षर: __________________ मिति: __________

अवलोकनकर्ताको नाम: ________________

अवलोकनकर्ताको हस्ताक्षर: ____________ मिती: __________

## ६.१२: पूर्व अध्यक्षहरुको नामावली र कार्य अवधी:

**1. Maj (Retd.) Mr. Santa Pun MBE   2007-2011**
**2. Mr. Ati Prasad Pun 2011- 2013**
**3. Mr. Ek Bahadur Pun 2014 - 2020**
**4. Mr. Dhan Bahadur Pun 2020 - 2023**
**5 Maj (Retd.) Mr. Gam Bahadur Buduja Pun 2023 to current**

## ६.१३: बिधान संस्करण गरिएको मितिहरु:

| | | |
|---|---|---|
| **1. Established** | **2007** | |
| **2. Edition 1st** | **2009** | |
| **3. Edition 2nd** | **2011** | |
| **4. Edition 3rd** | **2013** | |
| **5. Edition 4th** | **2016** | |
| **6. Edition 5th** | **2019** | |
| **7. Edition 6th** | **2021** | |
| **8. Edition 6th** | **2023** | **पुन समाज यु. के. को सदस्यहरूद्वारा सँशोधित सँस्करण बिधान अनुमोदन नगरिएको।** |
| **9. Edition 7th** | **2024** | |
| **10. Edition 8th** | **2026** | |

**<u>नोट:</u> गत २०२३ साल जनवरी महिनामा भएको अधिबेशनबाट पुन समाज युकेको विधान छैटौ संस्करण हुनु पर्ने थियो। तर गत साल विधान उपर समाजको कार्यसमिति तथा सदस्यहरु बिच कुनै छलफल नगरी केही व्यक्तिहरुले मनोमानी हिसाबमा केही परिच्छेदको दफा उपदफाहरुमा संशोधन गरी आफु खुशी बिधान परिवर्तन गरी ल्याएको हुँदा उक्त छैटो संस्करण को कुनै अर्थ नरहने यहाँहरु सबैलाई जानकारी गराउँदछौ। अहिले यो २०२४ सालको बार्षिक साधरण सभा द्वारा बिधानलाई समाजको सदस्यहरूमा छलफल गराई बहुमत सदस्यहरुको सहमतीमा बिधानलाई अनुमोदन गरी ७ औ संस्करण प्रस्तुत गरिएको छ।**

**जय कर्पाकेली बाबा !**

**जय पुन समाज यु.के. !!**

**!! समाप्त !!**


पुन समाज यु.के.
U.K. Charity Reg. No.-1160842
Pun Samaaj U.K.